आइ.सि.एफ.सि फाइनान्स लिमिटेडको आठौं वार्षिक साधारण सभाको

**सूचना**

यस आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडको मिति २०६८/०९/०३ गते वसेको संचालक समितिको ११३औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको आठौ वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न वस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरु उपस्थित हुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्रमहरु :-**

सभा हुने मिति :- २०६८ साल पौष २७ गते बुधबार तदनुसार ११ जनवरी २०१२
स्थान :- अनमोल ब्यांकेट एण्ड इभेण्ट प्रा. लि., नक्साल, काठमाण्डौं ।
सभा शुरु हुने समय :- विहान ११ बजे ।

**छलफलका विषयहरुः**

**क. सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०६७/०६८ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०६८ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०६७।६८ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

३. संचालक समितिले प्रस्ताव गरेबमोजिम (चुत्ता पूँजीको ७ प्रतिशत) रु.२,३०,५६,८५६।९० (रुपैया दुई करोड तिस लाख छपन्न हजार आठ सय छपन्न र पैसा नब्बे मात्र) मा कानून बमोजिम लाग्ने कर कट्टा गरी नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०६८/०६९ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (बर्तमान लेखापरीक्षक श्री एन. अमात्य एण्ड कम्पनी पुनः नियुक्त कानून बमोजिम हुन योग्य हुनुहुन्छ)

५. सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. संचालक समितिले सिफारिस गरे बमोजिम ८ प्रतिशत वोनस शेयर स्वीकृत गर्ने र शेयर जारी गर्दा कुनै भिन्न अंक (Fraction) आएकोमा शेयरधनि समुहको वर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न (Fraction) अंकको बोनस शेयरलाई पूर्ण (Whole) अंकमा परिणत गरी तदनुकुल जारी तथा चुक्ता पूँजी समायोजन गर्न स्विकृती गर्ने ।

२. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव परित गर्ने तथा उक्त संशोधनमा नियमनकारी नियकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

३.	उपयुक्त अन्य बैंक तथा वित्तीय संस्थाहरुसंग गाभ्ने वा गाभिने (मर्जर) वा वैदेशिक रणनितिक साझेदार लिने सम्वन्धमा प्रचलित ऐन कानून बमोजिम गर्नु पर्ने सम्पुर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्वन्धमा ।

**ग. विविध**

**साधारण सभा सम्वन्धी समान्य जानकारीहरु :**

१.	आठौं साधारण सभा प्रयोजनार्थ वित्तीय संस्थाको शेयर दाखिला खारेजको काम मिति २०६८/०९/१३ गते देखि २०६८/०९ /२७ गते सम्म बन्द रहने छ । साथै २०६८/०९/१२ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई २०६८/०९/२१ गते सम्म एलिट क्यापिटल लिमिटेडमा दर्ता भई कायम हुने शेयर धनिहरुले मात्र साधारण सभामा भाग लिन पाउनेछन् ।

२.	शेयरधनी महानुभावहरुलाई शेयरधनीको दर्ता कितावमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पठाईने छ । कुनै कारणवस उक्त पुस्तिका नपाउनु भएमा वित्तीय संस्थाको प्रधान कार्यालय, भाटभटिनी, काठमाण्डौ तथा एलिट क्यापिटल लिमिटेड, जमल काठमाण्डौबाट समेत शेयरधनी प्रमाण पत्र प्रस्तुत गरी सो प्राप्त गर्न सक्नु हुनेछ वा वित्तीय संस्थाको Website www.icfcbank.com बाट हेर्न सकिनेछ ।

३.	सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले आफ्नो फोटो भएको कुनै परिचय पत्र वा कुनै एक सक्कल शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

४.	प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधिपत्र (प्रोक्सी फाराम) भरी वित्तीय संस्थाको सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडी वित्तीय संस्थाको प्रधान कार्यालय भाटभटिनी, काठमाण्डौमा दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको शेयरधनी हुन अनिवार्य छ ।

५.	सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्वन्धित शेयरधनी स्वंय सभामा उपस्थित भई मतदान गर्न चाहेमा शेयर धनिले गरिदिएको प्रोक्सी स्वत: बदर हुनेछ ।

६.	सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिरी पुस्तिका विहान ९:०० वजे देखि ११:०० वजे सम्म खुल्ला रहने छ । परिचय नं. (शेयरधनी नं.) को आधारमा हाजिरी जनाउने व्यवस्था गरिएको हुंदा शेयरधनी महानुभावले आफ्नो शेयरधनि नं. अनिवार्य रुपमा प्रस्तुत गरिदिनु हुन अनुरोध छ ।

७.	सर्वसम्मतवाट प्रतिनिधि चयन गरिएको अवस्थामा वाहेक एक भन्दा वढी व्यक्तिहरुको संयुक्त नाममा (साझा गरी) शेयर लिएको रहेछ भने शेयरधनीको दर्ता कितावमा दर्ता क्रमानुसार पहिलो नाम उल्लेख भएको व्यक्ति एक जनाले मात्र सभामा भाग लिन सक्ने छ ।

८.	नावालक वा विक्षिप्त शेयरधनीको तर्फवाट वित्तीय संस्थाको शेयरधनी दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भईरहेको व्यक्तिले मात्र सभामा भाग लिन सक्नु हुनेछ । तर संरक्षक आफै शेयरधनी नभएमा संरक्षकको रुपमा नाम दर्ता भइरहेको व्यक्तिले मात्र सभामा भाग लिन सक्नु

हुनेछ । तर संरक्षक आफै शेयरधनी नभएमा संरक्षकले अरु शेयर धनीको प्रतिनिधि (प्रोक्सी) भई सभामा भाग लिन सक्नु हुने छैन ।

९. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित सस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

१० प्रतिनिधि मुकरर गर्दा आफ्नो नाममा रहेको सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एक भन्दा बढी व्यक्तिलाई आधा-आधा वा अरु कुनै किसिमबाट छुट्टाएर दिएमा बदर हुनेछ ।

११. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । तर त्यस्ता विषयलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१२ सर्वसाधारण समूहबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन प्रयोजनका लागि नियुक्त हुने निर्वाचन अधिकृतबाट निर्वाचन सम्बन्धी बिस्तृत कार्यक्रम सहितको सूचना वित्तीय संस्थाको प्रधान कार्यालयको सूचना पार्टीमा टाँस गरिनेछ । निर्वाचन कार्यक्रममा तोकिएको मिति तथा समयभित्र सर्वसाधारण समुहका शेयरधनीले संचालक पदको निर्वाचनमा भाग लिन पाउनेछन् । निर्वाचन सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र वित्तीय संस्थाको प्रधान कार्यालयमा सम्पर्क राख्न अनुरोध गरीन्छ ।

१३ अन्य विस्तृत जानकारीको लागि वित्तीय संस्थाको प्रधान कार्यालयको फो नं. ४४२५२९२ मा सम्पर्क राख्नुहुन वा वेभसाइड www.icfcbank.com मा हेर्नुहुन वा प्रधान कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।